# रानीवन उपन्यासमा सङ्कथन

**अनुपमा रेग्मी**
नेपाली विभाग, पद्मकन्या बहुमुखी क्याम्पस, बागबजार
Email : regmianupama@gmail.com

**लेखसार**

प्रस्तुत लेखमा कृष्ण गौतमद्वारा लिखित रानीवन उपन्यासमा प्रस्तुत फुकोको शक्ति र सत्यबारेको सङ्कथन र नारीवादी सङ्कथनको खोजी एवम् विश्लेषण गरी त्यसको कृतिगत सान्दर्भिकता र औचित्य पुष्टि गरिएको छ । पूर्वस्थापित सैद्धान्तिक आधारमा साहित्यिक कृतिको अध्ययन गरिएको यो अध्ययन गुणात्मक प्रकृतिको छ । लेखमा आवश्यक सम्पूर्ण सामग्रीको सङ्कलन पुस्तकालयबाट गरिएको छ । यस लेखमा विश्लेषण विधिको प्रयोग गरी पाठको अध्ययन गरिएको छ । विवेचित उपन्यासमा नारीवाद एवम् शक्ति र सत्यबारे प्रयुक्त निर्धारित सन्दर्भको व्याख्या विश्लेषण गरी शक्ति र सत्यबारे फुकोले प्रस्तुत गरेका र नारीवादका मान्यतालाई आख्यानीकरण गरिएको निष्कर्ष निकालिएको छ । यी सङ्कथनका माध्यमबाट नारीवादका विभिन्न धारहरूबारे सहभागीका धारणा प्रस्तुत गरी उदार नारीवादी सङ्कथन नै प्रकृतिसम्मत र समाजसम्मत भएको दाबी गरिएको छ । उपन्यासमा दैनन्दिन जीवन र परिवेशमा पनि शक्ति र सत्यको सङ्कथन प्रयोग भइरहेको एवम् नर-नारीको द्विचर भञ्जन हुँदै नारीवाद स्थापित भएको कुरा प्रस्तुत गरिएको छ । शक्ति र नारीवादसम्बन्धी बहसले यस उपन्यासलाई बौद्धिक, जटिल, अपरम्परित र सूचनामूलक बनाएको छ भन्ने निष्कर्ष फेला परेको छ ।

*शब्दकुञ्जी* : उत्तरसंरचनावाद, उदार नारीवाद, द्विचर विरोध, नारीवाद, शक्ति र ज्ञान

**लेखसम्बन्धी विवरण** : लेख प्राप्त मिति : २०८०/११/१२, लेख पुनरावलोकन मिति : २०८१/०२/१३, लेख स्वीकृत मिति : २०८०/०२/३० । **प्रकाशक** : नेपाली विभाग, महेन्द्र मोरङ आदर्श बहुमुखी क्याम्पस, विराटनगर । जर्नल होमपेज : https://www.nepjol.info/index.php/vaikharivani/index
DOI: https://doi.org/10.3126/vaikharivani.v1i2.69849

## विषयपरिचय

रानीवन उपन्यासका लेखक कृष्ण गौतम (२००५) हुन् । उनका स्वर्णविम्ब (२०४८) र रानीवन (२०७४) उपन्यास प्रकाशित छन् । गौतमको रानीवन उपन्यासमा नारीवादी, पर्यावरणवादी, उत्तरपूँजीवादी, सामाजिक यथार्थवादी र उत्तरसंरचनावादी सङ्कथनको प्रयोग र प्रस्तुति पाइन्छ । उत्तरसंरचनावादी सङ्कथनअन्तर्गत उनले डेरिडाको विनिर्माण सिद्धान्त एवम् फुकोको शक्ति र ज्ञानसम्बन्धी सङ्कथन प्रस्तुत गरेका छन् । यस लेखमा रानीवन उपन्यासमा प्रस्तुत शक्ति र ज्ञानसम्बन्धी सङ्कथन र नारीवादी सङ्ककथनलाई प्राज्ञिक विषय बनाई अध्ययन गरिएको छ ।

संरचनावादको वैज्ञानिक वस्तुगतता र निश्चितताको विरोध गर्ने सिद्धान्त उत्तरसंरचनावाद हो । भाषा स्वयम् सन्दर्भित हुने हुँदा यसले सत्यको प्रस्तुति गर्न सक्दैन भन्ने यसको सैद्धान्तिक मान्यता हो । विवेच्य उपन्यासमा सँगै

पढेका उत्तम र तारा पात्रले एक दिनभरि भोगेका घटना, उनीहरूका बिचमा भएका कुराकानी र अन्य पात्रका संवाद, दृश्यावलीको वर्णन इत्यादिमा उत्तरसंरचनावादअन्तर्गतको शक्ति र ज्ञानसम्बन्धी सङ्कथन र नारीवादी सङ्कथन प्रस्तुत भएका छन् । यिनले वर्तमान समाजमा देखा परेको शक्ति र ज्ञानसम्बन्धी अवस्था, नारीवादका विभिन्न धारप्रति नारी र पुरुषका दृष्टिकोणलाई उजागर गरेका छन् । यस लेखमा रानीवन उपन्यासमा फुकोका शक्ति र ज्ञानसम्बन्धी सङ्कथन र नारीवादी सङ्कथनको प्रस्तुति कसरी र किन गरिएको छ भन्ने प्राज्ञिक समस्या चयन गरी त्यसको समाधानको उद्देश्य राखिएको छ ।

रानीवन उपन्यासको पर्यावरणवादी नारीवाद, लैङ्गिकता, विनिर्माण सिद्धान्त, सामाजिक यथार्थ, उत्तरपूँजीवादका सैद्धान्तिक आधारमा पनि अध्ययन गर्न सकिन्छ । यसअघि विवेच्य उपन्यासको वस्तुसन्दर्भ र विनिर्माणको कोणबाट अध्ययन गरिएको छ । यसबाट उक्त उपन्यासमा बहुलताको प्रस्तुति भएको एवम् विनिर्माण सिद्धान्तको आख्यानीकरण भएको निष्कर्ष निकालिएको छ । फुकोको सङ्कथन र नारीवादी सङ्कथनका आधारमा यस उपन्यासको हालसम्म अध्ययन नभएका कारण यस क्षेत्रमा प्राज्ञिक रिक्तता देखिन्छ । यस रिक्तताको परिपूर्तिका लागि रानीवन उपन्यासमा शक्ति र सत्यबारेको सङ्कथन तथा रानीवन उपन्यासमा नारीवादी सङ्कथनजस्ता दुई विषयगत शोध्यसमस्याका आधारमा यो लेख तयार गरिएको छ । यस लेखका लागि चयन गरिएको विषयगत समस्याको निराकरण हुने यस लेखमा उपर्युक्त रिक्तताको परिपूर्तिका लागि प्रस्तुत अनुसन्धानात्मक लेख तयार पारिएको छ । यस लेखमा फुकोको शक्ति र ज्ञानसम्बन्धी सङ्कथन र नारीवादी सङ्कथनका मान्यतालाई मानक बनाई रानीवन उपन्यासको अध्ययन गरिएको छ ।

### *अध्ययन विधि*

प्रस्तुत अध्ययनमा प्राथमिक र द्वितीयक दुवै सामग्रीको उपयोग गरिएको छ । आवश्यक सबै सामग्रीको सङ्कलन पुस्तकालयबाट गरिएको छ । यस अध्ययनका लागि प्राथमिक सामग्री रानीवन उपन्यास हो भने नारीवाद र सङ्कथन विश्लेषणसम्बन्धी चर्चा गरिएका पुस्तकहरू द्वितीयक सामग्रीका रूपमा रहेका छन् । अध्ययनमा मूलतः शक्ति र ज्ञानसम्बन्धी एवम् नारीसम्बन्धी विचार प्रस्तुत गरिएका सन्दर्भलाई तथ्यको रूपमा सङ्कलन गरिएको छ । सङ्कलित सामग्रीको व्याख्यात्मक र विश्लेषणात्मक विधिको उपयोग गरी अध्ययन विश्लेषण गरिएको छ । साहित्यिक कृतिको अध्ययन भएका कारण प्रस्तुत अध्ययन गुणात्मक प्रकृतिको बनेको छ ।

### **कृति विश्लेषणको सैद्धान्तिक आधार**

खास सन्दर्भमा प्रयोग गरिएको भाषाको माथिल्लो एकाइ सङ्कथन हो । बोलेर, लेखेर वा सङ्केत गरेर वाक्यभन्दा माथिल्ला एकाइमा भाषिक अभिव्यक्तिको विस्तार गरिन्छ र त्यसलाई अर्थपूर्ण र अन्वितिपूर्ण रूपमा पूर्ण पाठमा परिणत गरिन्छ भने त्यो सङ्कथन बन्दछ । यसर्थ 'सङ्कथन भनेको खासखास भौतिक, सामाजिक, सांस्कृतिक आदि सन्दर्भहरूलाई समेटेर वक्ता (लेखक), श्रोता (पाठक) र विषयलाई अन्तःसम्बन्धमा गाँस्दै अभिव्यक्त गरिएको भाषिक उच्चार हो' (भट्टराई, २०७१, पृ.४८) । सङ्कथनमा विभिन्न क्षेत्रका विषयसन्दर्भ पर्दछन् । ती पाठका रूपमा

रहेका हुन्छन् र भाषिक प्रयोगद्वारा प्रस्तुत भएका हुन्छन् । 'परम्परागत रूपमा सङ्कथन विश्लेषणले प्रयोगमा आएको भाषाको अध्ययनमा खास चासो दिन्छ र सन्दर्भमा भएको कुरा र पाठको विश्लेषणमा ध्यान केन्द्रित गर्छ' (हवार्थ, सन् २००२, पृ.६) । यसअनुसार सङ्कथन खास अर्थ प्रदान गर्नका लागि प्रयोग भएको भाषा हो । अभिप्रायअनुसार त्यो फरक हुन्छ । गीका अनुसार सहरीकेन्द्रित, प्रविधियुक्त र आधुनिक समाजमा सङ्कथनहरू असङ्ख्य प्रकारका हुन्छन् । यस हिसाबले अफ्रिकी–अमेरिकी, आङ्ग्ल–अस्ट्रेलियाली, आधुनिक बेलायती दोस्रो पुस्ता, मध्यमवर्गीय अमेरिकी, डाक्टर, बिरामी, शिक्षक, प्रशासक, विद्यार्थी, साहित्यकार, साहित्यको अध्येता, क्लबको सदस्य आदि सबै सङ्कथन हुन् (सन् १९९१, पृ.१८) ।

सङ्कथनको क्षेत्र निकै विस्तृत छ । सङ्कथन हरेक मानिस र वस्तुसित गाँसिएका हुन्छन् । ती भाषाद्वारा व्यक्तिएका हुन्छन् । सङ्कथन कुन सन्दर्भमा प्रस्तुत भएको हो ? त्यसले भाषा (कथ्य, लेख्य र साङ्केतिक) का कुन कुन प्रयुक्तिलाई समेटेर आफ्नो स्वरूप प्राप्त गरेको छ ? त्यसको विश्लेषण गर्नु सङ्कथन विश्लेषण हो । 'सङ्कथन विश्लेषणमा उच्चारणको विशिष्ट ढाँचासहित शब्दचयन, वाक्यसंरचना र आर्थी अभिव्यक्तिका साथै भाषिक व्यवहारको समेत अध्ययन गरिन्छ' (गौतम, २०६८, पृ.५७१) । भाषाले आफ्नो स्वरूपका साथै मानव जीवनसित जोडिएका विभिन्न विषयलाई प्रतिविम्बित गर्ने हुँदा सङ्कथन विश्लेषणमा भाषाले समेटेका तिनै सन्दर्भको विश्लेषण गरिन्छ । यसैले सङ्कथन विश्लेषणको क्षेत्र निकै फराकिलो र विस्तृत छ ।

साहित्यिक पाठ पनि भाषाकै प्रयोगभूमि भएकाले सङ्कथन विश्लेषणको क्षेत्रभित्र साहित्यिक कृति पनि पर्दछन् । कृतिमा भएका सहभागीको माध्यमबाट के कस्ता विचार अभिव्यक्त भएका छन् भन्ने कुरा विशेषतः यसमा खोजिन्छ । 'साहित्यिक डिस्कोर्स भन्नु नै साहित्यको अध्ययन भएकाले हामी विभिन्न साहित्यसिद्धान्तको उपयोग गर्न सक्छौँ । ... घटना, पात्र, विचार, शैली आदि हरएक कुरा साहित्यिक डिस्कोर्सको अध्ययनभित्र आउन सक्छन् र आउँछन्' (गौतम, २०६८, पृ.२८८) । साहित्यिक कृतिको सङ्कथन विश्लेषण गर्दा कृतिमा प्रस्तुत भाषाले केकस्तो विचार र वस्तुलाई बहन गरेको छ भन्ने अध्ययन गरी निष्कर्ष पहिल्याउन सकिन्छ । साहित्य क्षेत्रमा नीतिवादी, आदर्शवादी, यथार्थवादी, समाजवादी, नारीवादी, पुरुषकेन्द्री, लैङ्गिक, समलैङ्गिक, जनप्रिय संस्कृतिकेन्द्रित, जनजातिकेन्द्रित, संरचनावादी, उत्तरसंरचनावादी, आधुनिकतावादी, उत्तरआधुनिकतावादी जस्ता अनेकौँ सङ्कथनहरू स्थापित छन् । यीमध्ये उत्तरसंरचनावाद संरचनावादका मान्यतामा प्रश्न खडा गर्ने सिद्धान्तका रूपमा स्थापित छ । यसलाई डेरिडा, बार्थ, फुको, लकाँ आदिले विकसित गरे । उत्तरसंरचनावादी सिद्धान्तका मान्यतालाई प्रस्तुत गर्ने र उत्तरसंरचनावादी सिद्धान्तका माध्यमबाट व्याख्या गर्न सकिने, उत्तरसंरचनावादी सिद्धान्तअनुरूप लेखिएका सङ्कथनहरू उत्तरसंरचनावादी सङ्कथन हुन् ।

फुकोले वैचारिकताको स्थान सङ्कथनलाई दिए । 'फुकोका अनुसार डिस्कोर्स (सङ्कथन) त्यो साधन हो, जसद्वारा शक्ति पैदा गरिन्छ, नियम स्थापित गरिन्छ, दण्ड र पुरस्कारको व्यवस्था मिलाइन्छ ।' (गौतम, २०६८, पृ.२८५) शक्तिको अभ्यास यत्रतत्र सर्वत्र व्याप्त छ । शक्तिशालीले आफूअनुरूप सत्य वा सङ्कथनको निर्माण गरेका हुन्छन् । शक्तिसित गाँसिने हुनाले त्यस्ता सत्य देखिने खालका मात्र हुन् । वास्तविक सत्य त छोपिएका र छेउछाउतिर

परेका हुन्छन् । भाषा र विम्बचित्रका माध्यमबाट त्यस्ता सामाजिक 'सत्य'को प्रतिनिधित्व भएको हुन्छ । त्यस्ता लिखित सामग्री कालान्तरमा 'सत्य' वा खास 'सङ्कथन' वा 'ज्ञान' बनेर स्थापित हुन्छन् । ती विशेष ऐतिहासिक र राजनीतिक परिस्थितिभित्र उब्जिएका हुनाले त्यस्ता सत्य वस्तुगत हुँदैनन् । त्यस्ता कथित सत्य समाजमा चलिआएका शक्तिसङ्घर्षसित अविभाज्य रूपले बाँधिएका हुन्छन् (उप्रेती, २०६८, पृ.३९) । फुकोका यिनै मान्यताका आधारमा कृतिमा प्रस्तुत विविध सङ्कथनको खोजी, विश्लेषण एवम् मूल्याङ्कन गरी सामाजिक सत्यको प्रस्तुति के कसरी गरिएको छ भन्ने कुरा उजागर गर्न सकिन्छ । ती सत्यसित शक्तिसम्बन्ध र त्यसको प्रतिरोधको अवस्थालाई कसरी देखाएको छ भनी खोजी एवम् विश्लेषण गर्न सकिन्छ ।

नारीवादले कुनै पाठ वा सङ्कथन निर्माण र विश्लेषणमा नारीवादी दृष्टिकोणलाई अँगाल्छ । नारीवाद उत्तरसंरचनावादी सङ्कथनअन्तर्गत पर्दैन तापनि यसले विनिर्माण र लाकनेली मनोविज्ञानबाट सङ्कथन विश्लेषणका प्रशस्त आधार लिएको छ । नारीवादी सङ्कथनलाई पित्तृसत्तात्मक संस्कृतिको रूपमा नारी सङ्कथन र नारीवादी सौन्दर्यशास्त्रका रूपमा नारी सङ्कथन गरी दुई पक्षबाट हेर्ने गरिन्छ । सङ्कथनको नारीवादी पठनको एउटा पक्षले लेखनको इतिहास, शैली, विषय, विधा र संरचनालाई विश्लेषणीय विषय बनाउँछ । यसका साथै महिला सिर्जनशीलताका मनोगतिशील, व्यक्तिगत तथा सामूहिक व्यक्तित्वका मोडहरू र नारी सङ्कथन परम्पराका विकार र नियम कानुन पनि यसका विषय बन्ने गर्छन् (घिमिरे, २०६९, पृ.१५९) ।

फुकोको शक्ति र ज्ञानसम्बन्धी सिद्धान्तका आधारमा सङ्कथनको पठन गर्दा कृतिमा प्रस्तुत वैचारिकताको खोजी, विश्लेषण र मूल्याङ्कन गर्न सकिन्छ । ती सङ्कथन र वैचारिकतामा स्थापित सामाजिक सत्य र दमित सत्यको प्रस्तुतिको अवस्था, स्थापित सामाजिक सत्यसित शक्तिसम्बन्ध र त्यसको प्रतिरोधको अवस्थाको पनि खोजी एवम् विश्लेषण गरी त्यसको कृतिगत औचित्य पत्ता लगाउन सकिन्छ । सङ्कथनको नारीवादी पठन गर्दा कृतिमा प्रयुक्त नारीसम्बन्धी सन्दर्भले नारीका बारेमा केकस्तो वैचारिकता प्रस्तुत गरेको छ, सङ्कथनले नारीसम्बन्धी केकस्ता धारणा प्रस्तुत गरेको छ, कृतिमा नारीवादी सङ्कथनको औचित्य के हो भन्ने पक्षमा अध्ययन विश्लेषण गरी मूल्याङ्कन गर्न सकिन्छ ।

**रानीवन उपन्यासमा शक्ति र सत्यबारेको सङ्कथन**

रानीवन उपन्यास उत्तरसंरचनावादी सङ्कथनको आख्यानात्मक प्रयोगभूमि भएकाले यसमा मिसेल फुकोले प्रतिपादन गरेको शक्ति र सत्य सम्बन्धको सिद्धान्तबारेमा पनि बहस प्रस्तुत गरिएको छ । फुकोका अनुसार शक्तिले ज्ञानको निर्माण गर्छ, सत्यको निर्माण गर्छ । त्यसैले ज्ञान फरक फरक समयमा फरक किसिमका हुन्छन् । हामीले मानेको ज्ञान वा सत्य वास्तविक होइनन्, वास्तविक सत्य त छोपिएको हुन्छ । यसै सिद्धान्तलाई उपन्यासमा उत्तमका संवादबाट प्रस्तुत गरिएको छ । उत्तम र ताराको भेट भएपछि उनीहरू उत्तमको स्कुटरमा बसेर कतै घुम्न गएका छन् । अगाडि बस्ने र पछाडि बस्नेबारेमा विवाद गर्दै जाँदा उत्तमले भनेको छ – चना चटपटे, ज्ञान सापेक्ष छ, परिदृश्यअनुसार त्यो बदलिन्छ । दमितमा, उपेक्षितमा, छेउकुनामा सत्यका कण उपलब्ध हुन्छन् । (गौतम, २०७४, पृ.८) उत्तमको यस भनाइले

फुकोको सिद्धान्त प्रस्तुत गरेको छ । फुकोको सिद्धान्तको सूचना पाठकलाई दिनकै लागि उत्तम पात्रलाई माध्यम बनाइएको देखिन्छ ।

उत्तम र तारा नयाँ ठाउँमा घुम्न गएका छन् । ताराले मुख्य मार्ग छाडेर गल्लीको बाटो रोजेपछि उत्तमले सोचेको छ – सेना र सत्ताको आवरण नभिरेका छेउ र कुनाहरू नै हामीलाई उपेक्षित, दमित सत्यको साँचो उपलब्ध गराउँछन् । (गौतम, २०७४, पृ.१५) यस उपन्यासमा मुख्य मार्ग छोडेर प्रहरीको आँखा नपुग्ने स्थानतिर ताराले भ्रमण गराएको र त्यहाँ फरक सत्य उपलब्ध हुनसक्ने उत्तमको विचारलाई यस सन्दर्भले प्रस्तुत गरेको छ । यस उद्धरणमा सत्ताले आफूअनुकूल सङ्कथन निर्माण गरी शक्तिको लागि सेना, प्रहरी लगायतका राज्य सञ्चालित निकायको गठन गर्छ । ती निकायले सत्ताद्वारा निर्मित सत्यलाई स्थापित गर्न र कार्यान्वयन गराउन बाध्य पार्छन् भन्ने फुकोको मतलाई नै प्रस्तुत गरिएको छ ।

तारा र उत्तम डुल्दै एक ठाउँमा पुगेका छन् जहाँ केही मान्छे कुहिएका तरकारी, फलपूmल फालेका ठाउँबाट टिप्दै थिए । त्यहाँ सञ्चारकर्मीले क्यामेरा घुमाईघुमाई खिचिरहेका थिए । ती मान्छेका विभिन्न समस्या छन् । कसैको खेतबारी बाढीले बगाएको छ, कसैको विदेश पठाउने भनेर दलालले पैसा खाइदिएको छ । तीमध्ये एक जना ज्यामी छ, उसले काम पाए पनि ज्याला पाउन उसलाई गाह्रो भएको छ । कसैले कुहिएको दस किलो चामल राहतमा पाएका छन् । यी सन्दर्भले निमुखा वर्गको स्थिति स्पष्ट हुन्छ । यी शक्तिहीन भएकाले कुहिएका तरकारी फलफूल पनि टिपेर खान बाध्य छन् तर तिनका बारेमा शक्तिशाली वर्गले बोल्दैनन् भन्ने कुरालाई यस प्रसङ्गले प्रस्तुत गरेको छ । शक्ति र सत्यसम्बन्धी अर्को एउटा प्रसङ्ग पनि उपन्यासमा प्रस्तुत छ । शब्दको आफूअनुकूल अर्थ लगाउन उत्तमले गरेको आग्रहलाई सूचना सम्प्रेषणमा तगारो लगाउन खोजेको भन्ने ताराको तात्पर्य छ । 'संविधान र कानुन यस (सूचना सम्प्रेषण सम्बन्धमा) विषयमा के भन्छन्' भन्ने ताराको प्रश्नमा उत्तमले 'व्यक्तिगत गफगाफमा इतिहास, संविधान र कानुनको चासो किन ल्याउने' भनेर तर्क राखेको छ । ताराले त्यसको प्रत्युत्तर दिँदै भनेकी छ – जसको नुन खाएको सम्झ्यो, उसकै हित हुने गरी कानुन बन्छ । त्यसभित्र विषाणु छिर्ने प्वाल राखिएका हुन्छन् ... । (गौतम, २०७४, पृ.५५) ताराको भनाइमा कानुन बनाउनेहरू सत्तासीनहरू नै हुन् । तिनीहरू आफूअनुकूल कानुन बनाउँछन् । व्यक्तिपिच्छे फरकफरक तरिकाले त्यसको व्याख्या पनि गर्न सकिने हुन्छ भन्ने आशय यस उद्धरणमा आएको छ । यसका माध्यमबाट उपन्यासमा ज्ञानको निर्माणमा शक्तिको भूमिकालाई प्रस्तुत गरिएको छ ।

विवेचित उपन्यासमा उत्तमको एउटा भनाइका माध्यमबाट पनि उपन्यासमा फुकोको ज्ञानसम्बन्धी अर्को मान्यता प्रस्तुत गरिएको छ । उत्तमले भनेको छ –

> तारा, मान्छे मरेर जान्छ । ... । तिनीहरूको जीवन शब्दकोशका चिह्नहरूमा अल्झेको छ । शब्दकोश पुरातत्त्वको सङ्कलन बन्दै जान्छ । त्यसको उत्खनन र प्रयोग जसले जसरी गर्छ त्यसैअनुसार इतिहासको आख्यानको रचना हुन्छ, जसका श्रोताहरू, समीक्षकहरू, ती आख्यानहरूलाई चिर्दै, तोड्दै विविधायित गर्दै लैजान्छन् र जहाँ हरियो धर्ती रातो हुनसक्छ, रातो सायङ्काल कालो भएर जान्छ, जूनको हँसिलो मुहार

मधुरो भएर विलाप गर्न थाल्छ । ... सानाका कथाहरूमा झन् ठूला रहस्य र सत्यका कण हुन्छन् जसलाई साहित्यकारले कलाकारले टिप्छ । (गौतम, २०७४, पृ. ९४-९५)

साहित्य कला आदिमा सामाजिक सत्यको प्रतिनिधित्व भएको हुन्छ । कालान्तरमा यिनै लेखाइले सङ्कथन निर्माण गर्छन् । समीक्षकले तिनको चिरफार गरेर नयाँनयाँ र छोपिएका सत्यको उत्खनन गर्दछ र गर्न सक्दछ भन्ने उत्तरसंरचनावादी सङ्कथनको प्रस्तुति यस उद्धरणमा भएको छ । त्यसरी उत्खनन गर्दा भनिएका, प्रचलितभन्दा विल्कुलै फरक र नसोचिएका कुराहरू उजागर हुन सक्छन् भन्नु यस उद्धरणको आशय देखिन्छ ।

विवेचित उपन्यासमा शक्ति र सत्य वा ज्ञान वा सङ्कथनबारे फुकोले प्रतिपादन गरेको सिद्धान्तको पनि प्रस्तुति छ । उत्तम, तारा, प्रहरी र कुहिएका तरकारी टिप्ने केही गरिबलाई सहभागी बनाएर तीमार्फत सत्य र ज्ञानको प्रत्यक्ष सम्बन्ध शक्ति र सत्तासित रहने कुरालाई व्यक्त गरिएको छ । सत्ताले आफ्नो सत्ता टिकाइराख्न वा शक्ति बचाइराख्न खास ज्ञानको निर्माण गरी लागु गराउन विभिन्न निकायको गठन गर्छ र त्यसलाई स्थापित गराउन शक्तिको प्रयोग गर्छ । निमुखा वर्गका समस्या र आवाज तिनीहरूसमक्ष पुग्दैनन् । तिनीहरूलाई साहित्यकार र कलाकारले आफ्ना सिर्जनामा प्रस्तुत गरेका हुन्छन् । ती सिर्जनाको अध्ययनबाट छोपिएका, दमित सत्य उद्घाटित हुन्छ भन्ने सूचना दिन र आख्यानिक सन्दर्भबाट फुकोको शक्ति र ज्ञानसम्बन्धी सङ्कथनको खोजी गर्न सकिन्छ भन्ने बताउन उपन्यासमा उल्लिखित सन्दर्भ ल्याइएको देखिन्छ ।

**रानीवन उपन्यासमा नारीवादी सङ्कथन**

विवेचित उपन्यासमा सबैभन्दा बढी भञ्जन भएको द्विचर नर-नारीको हो । तारा पात्र पर्यावरण र नारीको पक्षपाती छ तर उत्तम पात्र उत्तरचिन्तनतिर आकृष्ट छ । उत्तम ट्रेस (छाप) का कारण मानिस विनिर्माणिक दुस्तरताको कैदी बनेको र त्यसबाट उम्किन गाह्रो भएको बताउँछ । दुस्तरताबाट उम्किनका लागि परम्परित नर-नारीको युग्मकलाई अपनाउनुपर्ने र त्यसमा परिवर्तन वा क्रान्तिको आगो भरेर अनपेक्षितलाई डढाइदिनुपर्ने उसको राय छ । नर-नारीको द्विचरमध्ये कुनै एउटालाई डढाउनुपर्ने भन्नाको तात्पर्य भञ्जन गर्नुपर्ने भन्ने हुनसक्छ । उत्तरयुगमा कुनैलाई पनि अर्थको केन्द्र बनाउन नहुने उसको विचार छ ।

तारा र उत्तमको भेट भएपछि उत्तम ताराको स्कुटरमा बसेर घुम्न गएका छन् । ताराले केहीबेर स्कुटर हाँकेपछि उत्तम स्कुटर हाँक्ने इच्छा व्यक्त गर्छ । त्यसको जवाफमा ताराले भनेकी छे – आजसम्म तिमीहरूले नै त हाँक्दै आयौ । तिमीहरूले राज्य हाँक्यौ, शासन-प्रशासन हाँक्यौ, युद्ध, न्याय, धर्म सब कुरा हाँक्यौ । तिमीहरूलाई महिला अगाडि आएकामा चित्त बुझेको छैन । तिमीले अब महिलाको उत्साहलाई बुझ । ... आज देशका निम्ति जुन गतिशील र सक्षम संयन्त्र हाँक्ने आवश्यकता छ, त्यसको अभिभारा महिलाका काँधमा आएको छ । तिमी साथमा बस, म हाँक्छु । (गौतम, २०७४, पृ.११) ताराको भनाइले नारीवादी सङ्कथनलाई प्रस्तुत गरेको छ । ताराको नारीवादी सङ्कथन एकपक्षीय भएको र त्यसले पुरुषलाई पूरक मात्र बनाउन चाहेको उत्तमको विचार छ । त्यसैले उसले भनेको छ – म नर, नारीको युग्मकमा अग्लाइ, होचाइलाई डढाउँछु, दोस्रो पदलाई पूरक हुन दिन्नँ । दुवै बरोबर, दुवै समान – न यो केन्द्र न

त्यो केन्द्र। (गौतम, २०७४, पृ.१२) ताराले पुरुषलाई पूरक मात्र बनाउन चाहेको र महिला शब्दलाई सार्वभौम बनाएको आरोप लगाएको छ उत्तमले । यसमार्फत नारीवाद उत्तरवर्ती चिन्तन भए पनि बहुलवादको पक्षपाती नभई महिला केन्द्रको पक्षपाती भएको सङ्केत गरिएको छ । यद्यपि नर-नारीको युग्मकलाई भञ्जन गरेपछि दुवै बराबरी हुने अवस्थालाई यस उद्धरणका माध्यमबाट देखाइएको छ । उत्तमको विचारलाई काट्दै ताराले पुनः भनेकी छ – मातृसत्तात्मक राज्यमा जुन सुख, शान्ति र समृद्धिको उत्कर्ष थियो त्यसको पुनरुत्थानमा चाख दिनुलाई गलत भन्न मिल्छ ? पितृसत्ताले कहाँ सुख दियो, कहाँ शान्ति दियो ? कहाँ समृद्धि दियो ? त्यसले समाजलाई दिएको एउटै मात्र ठूलो उपहार के हो भनेर सोध्ने हो भने त्यो युद्ध नै हो, महिलाको पराधीनता। (गौतम, २०७४, पृ.१२) ताराको भनाइमा मातृसत्तात्मक राज्यमा सुख थियो भन्ने कल्पना प्रस्तुत छ। पितृसत्ताले महिलालाई सुख नदिएको र पराधीन बनाएको ताराको भनाइ छ। वास्तवमा उत्तम पात्र पनि पितृसत्ताको पक्षधर छैन।

एकार्कासित जिस्कने क्रममा उत्तमले तारालाई आफूलाई दुलही बनाएर भित्र्याउन आग्रह गरेपछि ती दुईका बीच सन्तानको कुरा उठ्छ । गर्भ र सन्तानका बारेमा उत्तमले भनेको छ – आमा बन्न पाएँ भने त मेरा गोडा भुइँमा हुँदैनन्, म धर्तीभन्दा एक अमल माथि उठेर उड्न थाल्छु। ... चरम नारीवादीहरू गर्भलाई पुरुषले बोकाएको भार भन्छन् र गर्भधारण नगर्ने नारा दिन्छन्। म त केटी हुन पाएँ भने कोठाभित्रै धर्ती भएर घुम्छु र नयाँ युगको गीत गाउँछु। (गौतम, २०७४, पृ.५२) उत्तम पात्रको यस कथनमा नारी हक र अधिकारका लागि आवाज उठाउनु राम्रो कुरा हो। गर्भधारण गर्नुपर्ने, बच्चा जन्माएपछि दुध चुसाउनुपर्ने, हुर्काउँदाका अन्य कार्यभार व्यहोर्नुपर्ने हुँदा महिलाको दायित्व बढ्ने हुनाले महिलाहरू पछि परेका हुन् भन्ने उग्र नारीवादी सोच राख्नु गलत हो। मातृत्वका अनुभव पुरुषहरूले गर्नै नपाउने पृथक्, महत् र सृष्टिको निरन्तरताका अत्यावश्यक छ भन्ने उसको भनाइ छ। उत्तमले आफू आमा हुन पाएमा गर्ने अनुभवका बारेमा एकदमै सुखद व्याख्या गरिसकेर भनेको छ – उग्रपन्थी महिलाहरू मेरो ईर्ष्याले भुतुक्क हुनेछन् र लिङ्ग परिवर्तन गरेर पुरुषले बच्चा जन्माउन पाईदैन, ... समाजमा विकृति बढ्दै जाने स्थिति बन्छ भन्ने नारा उचाल्दै जुलुस निकाल्न सक्नेछन्। हाम्रो अधिकार खोसियो भन्दै कानुनको ढोका ढक्ढक्याउन पुग्नेछन्। (गौतम, २०७४, पृ.५३) उत्तमको यस कथनमा गर्भधारणलाई महिला दमनको प्रमुख कारक मान्नेले मातृत्वको महत्त्वलाई नबुझेका र बेवास्ता गरेका हुन् भन्नेतर्फ सङ्केत गरिएको छ। यस कथन सन्दर्भमार्फत नारीका हक अधिकारका लागि मातृत्व बाधक नभई प्राकृतिक र सृष्टिको निरन्तरताका लागि महत्त्वपूर्ण छ भन्ने सन्देश दिन खोजिएको छ।

अहिलेको युगमा नर/नारीको युग्मक भञ्जन हुँदै गएको कुरा पनि यस उपन्यासमा प्रस्तुत गरिएको छ। उत्तम र तारा घुम्न गएका ठाउँमा अचानक भेट भएका उनीहरूका दुईटी साथी मञ्जु र सञ्जुले, ताराले बाहन हाँकेको आफूहरूले देखेको, शीघ्रता र होसियारी दुवैमा तारा सचेत भएको बताउँदै अब देश हाँक्ने पालो पनि महिलाकै भएको र त्यसमा पुरुषहरूले साथ दिनुपर्ने तर्क राख्छन्। उत्तम उनीहरूसित नबोली हाँसिरहन्छ। ऊ नबोलेको दुईटीलाई मन पर्दैन। उनीहरूले उत्तम नबोलेकै कारण हायलकायल पारेपछि उत्तमले दुईटैलाई उचालेर ठाउँ सारिदिएको छ र 'ल, ठाउँ सारिदिएँ' भनेको छ। त्यसको प्रतिक्रियाका लागि मञ्जु र सञ्जुले मर्दका दशओटी भन्ने उक्ति बनाएर महिलाहरूलाई गमक्र्याउने तँजस्ता नै त हुन्, अब केटाले जता भन्यो उतै केटीहरू सर्दैनन्। बरु तँजस्ता केटाहरूलाई

केटीहरू सार्छन् (गौतम, २०७४, पृ. ८९) भनेका छन् । यस उद्धरणले अहिले नारीहरू पनि सचेत भएकाले पुरुषहरूले जे भन्यो त्यही मान्दैनन् भन्ने प्रस्तुत गरी नर-नारीको युग्मक तोडिँदै गएकाले परम्परित सामाजिक संरचना र मान्यता परिवर्तन भएको र आफ्ना हकअधिकारप्रति महिला पनि सचेत हुँदै गएको अवस्थालाई देखाएको छ ।

मञ्जु र सञ्जु महिला जागरण र मुक्तिसम्बन्धी काम गर्ने गैरसरकारी संस्थामा काम गर्छन् । तिनीहरूसित कुनैबेला घुम्दा ताराले महिला जागरणसम्बन्धी विविध मुद्दा उठेका र तीमध्ये कतिपयमा महिलाकै विमति रहेको बताएकी छ । ताराका अनुसार शिक्षा, स्वास्थ्य र रोजगारीमा सुलभता, यौन स्वतन्त्रता र सन्तानसम्बन्धी निर्णयमा त्यहाँका महिलाले सहमति जनाए । त्यहाँ पौरुष हैकमले गर्दा धेरै सन्तान जन्माउन विवश हुनुपर्ने, छोराछोरीमा विभेद, दाइजो प्रथा र शब्दविशेषको उच्चारणले हुने सम्बन्ध विच्छेदको निन्दा गरियो । त्यहाँ उपस्थित सबैले जातिप्रथा, बहुविवाह र अनमेल विवाहमा सशक्त सुधारको अपेक्षा, स्त्रीसित सम्बन्धित देउकी, छाउपडी प्रथा, चेलीबेटी विक्रय, बलात्कार, महिला हिंसाको राम्रो जाँच, सहज न्याय प्राप्तिको सम्बन्धमा सहमति जनाएका थिए । समयौनिक, समलैङ्गिक सम्बन्ध स्थिर नहुने, समयौनिक र बहुयौनिक सम्बन्धले समाजमा भाँडभैलो उत्पन्न हुने र रोगको प्रसारण हुनसक्ने कुरामा पनि उनीहरू एकमत थिए । उनीहरूमध्ये धेरैले गर्भधारण कष्टकर हुने र पौरुष भार लादिने हुँदा महिलाले त्यसबाट मुक्ति खोज्नुपर्छ भन्ने कुरामा र घरको काममा महिला बिनातलब जोतिँदै आएका छन् भन्ने तर्कमा भने विमति राखेको पनि ताराले बताएकी छ । ताराको भनाइमा उदार नारीवादी सङ्कथन प्रस्तुत भएको छ । महिलाका यौनिक, आर्थिक, सामाजिक, शारीरिक समस्याप्रति पुरुष महिला दुवै संवेदनशील हुनुपर्ने, महिलाहरूको हक स्थापित हुनुपर्ने तर गर्भधारण जस्तो प्राकृतिक कुरालाई महिला दमनको विषयका रूपमा व्याख्या गर्न नहुने कुरालाई उल्लिखित सन्दर्भबाट प्रस्तुत गरिएको छ । यी कुराहरू उदार नारीवादले उठाएकै मुद्दा हुन् । यसबाट उपन्यासमा उदार नारीवादी सङ्कथन अभिव्यक्त भएको छ । यद्यपि एक्काइसौँ शताब्दीमा समयौनिकता र समलैङ्गिकताका सबाल पनि धेरै अगाडि बढिसकेका छन् । नारीवादी सङ्कथनबाट अझ अघि बढेर अल्पसङ्ख्यक समलैङ्गिक क्वियरहरूको हक अधिकारबारे सचेत हुनुपर्छ भन्ने लैङ्गिकतावादी सङ्कथन स्थापित हुँदै गरेको समय भए पनि समाज अझैसम्म त्यसप्रति सकारात्मक हुन नसकेको स्थितिलाई यस सन्दर्भले प्रस्ट पारेको छ ।

उपन्यासमा तारा र उत्तमले आफ्नो विगत एकार्कालाई सुनाउने क्रममा ताराले विद्यालय पढ्दाका क्षण र साथीहरूबारे पनि सुनाएकी छ । यस क्रममा ताराकी साथी जाईले तारालाई सुटुक्क बिहा नगर्न बरु एकै दिन एउटै पार्टी प्यालेसमा बिहे गरौँला भन्ने प्रस्ताव राखेको कुरा पनि सुनाएकी  छ । त्यसो भए 'एउटैसित बिहे गर्दा हुन्छ' भन्ने ताराको सुझावमा जाई भन्छे – कि तिमी र म नै गरौँ, केटा खोज्ने झन्झटै परेन । (गौतम, २०७४, पृ.२०१) जाईको प्रस्ताव तारालाई मन नपरेका कारण भनेकी छ – म त गर्नै परे केटासितै गर्छु, नत्र गर्दै गर्दिनँ, तिम्रो खास विचार के हो भन । (गौतम, २०७४, पृ.२०१) ताराको कुरामा उत्तर दिँदा जाईले भनेकी छ – म न केटासित न त केटीसित नै, मैले रुचाएको 'प्रेमी' स्वतन्त्रता हो । केटासित गर्दा उसले छोराछोरी पाउन दबाब दिइहाल्छ । म त पेट बोक्न भनेपछि थर्कमान हुन्छु । नगरूँ भने के गर्नु, लोग्नेमान्छेलाई बोकाउनुपर्ने घाँडो हामीलाई भिराउँदै नियतिले बदमासी गरेर हामीलाई उपहासमा थन्क्याएकै हो । ... महिलालाई बच्चा पाउने भारी बोकाए पनि पुरुषलाई स्तनपान गराउने

जिम्मेवारी दिएको भए बरु नियतिलाई सराप्ने थिएनौँ । (गौतम, २०७४, पृ.२०२) जाईको माध्यमबाट प्रस्तुत यस उद्धरणमा आमूल नारीवादी वा नारीवादी तेस्रो धारका विचार प्रस्तुत भएका छन् । आमूल नारीवादीहरू गर्भ र स्तनपानलाई सृष्टि चलाउने प्राकृतिक नियमका रूपमा नभई महिलालाई दमन गर्ने प्रमुख कारकका रूपमा व्याख्या गर्छन् । त्यसै व्याख्याको प्रतिनिधित्व यस उद्धरणले गरेको छ । यसबाट उग्र नारीवादी सङ्कथनलाई ताराको उदार नारीवादी सङ्कथनले काटेको छ । ताराको विचारमा त्यस्तो हुँदा मातृत्वको गौरव घट्छ भन्ने रहेको छ । ताराले भनेकी छ – त्यसो हुँदो हो त दुवैको अस्तित्व धरापमा पर्दो हो, मातृत्वको गौरवमा कमी आउँथ्यो, पुरुषले स्तन हल्लाउँदै हिँड्नु अस्वाभाविक हुन्थ्यो (गौतम, २०७४, पृ.२०२) । यसप्रकार यस उपन्यासमा नारीवादी सङ्कथनको प्रयोग भएको तथ्यको पुष्टि हुन्छ ।

विवेचित उपन्यासको एघारौँ परिच्छेदमा तारा र उत्तमको कलेज पढ्दाको सहपाठी अमरले आफ्नो स्मृति प्रस्तुत गरेको सन्दर्भ छ । तारा र अमर जिस्किँदा ताराले अमरको चस्मा फालिदिएको सन्दर्भसित जोडेर नारीवादी सोच प्रस्तुत भएको छ । अमरको ‘के तिमी गान्धारी झैँ आँखा बन्द गरेर हिँड्ने गछ्र्यौ त ?’ भन्ने अमरको प्रश्नको उत्तरमा ताराले भनेकी छ – हो, तिमीहरू धृतराष्ट्र भएर महिलाले आँखामा पट्टी बाँधोस् भन्ने चाहन्छौ तर म त्यस्ती हुन सक्दिनँ । (गौतम, २०७४, पृ.२२४) ताराको यस उद्धरणले हालसम्म पुरुष-पितृसत्ताले महिलालाई सधैँ आफ्नो समर्थनमा आफूअनुरूप डोऱ्याउन खोजेको कुरालाई प्रस्तुत गरेको छ । नारीवादको मूल सङ्कथन नै यही हो । पितृसत्ताले नारीलाई कुनै अधिकार नदिई आपूm अनुकूल डोऱ्याउँदै आएको छ भन्ने मान्छ । यस उपन्यासमा उल्लिखित सन्दर्भ पनि नारीवादी सङ्कथन प्रस्तुत गर्नकै लागि आएको देखिन्छ ।

विवेचित उपन्यासमा नारीवादमा आस्था राख्ने नारी पात्र तारा र उत्तरचिन्तनमा आस्था राख्ने पुरुष पात्र उत्तम, पुरुष समलिङ्गी सम्बन्धमा रमाउने रञ्जन र पुरञ्जन, नारी समलिङ्गी सम्बन्धमा रमाउने मञ्जु र सञ्जु, गर्भ बोक्न र स्तनपान गराउन परेकाले नारी पछाडि परेका हुन् भनी सोच्ने जाईलाई सहभागी बनाएर महिलाका अधिकांश सन्दर्भ र सबाल प्रस्तुत गरिएको छ । उपन्यासमा नारीवादबाट विकसित हुँदै समलैङ्गिकतासम्बन्धी चिन्तन आएको देखाइएको छ । यस उपन्यासमा उदार नारीवाद, आमूल नारीवाद र समलैङ्गिकताका स्थितिबारे बहस प्रस्तुत गरी महिलाका प्राकृतिक अधिकार र कार्यलाई बोझ नठानीकन महिलाका आर्थिक, सामाजिक, यौनिक अधिकार स्थापित गर्नुपर्छ भन्ने उदारवादी नारीवादी सङ्कथन स्थापित गर्न खोजिएको छ । लैङ्गिक सन्दर्भसित जोडिएका समलिङ्गवाद, विषमलिङ्गवाद र नारीवादका विभिन्न धारबारे पात्रहरूमा बहस गराउन र उदार नारीवाद नै समाज, प्रकृति र परम्पराअनुकूल भएको ठहर गर्न उपन्यासमा नारीवादी सङ्कथन प्रस्तुत भएको देखिन्छ ।

## निष्कर्ष

विवेचित उपन्यासमा शक्ति र ज्ञानबारे फुकोले प्रतिपादन गरेका सङ्कथन सम्बन्धी धारणा र नारीवादबारे बहस प्रस्तुत गरिएको छ । सत्य र ज्ञानको सम्बन्ध शक्ति र सत्तासित हुन्छ । सत्तासित शक्ति हुन्छ । शक्तिको बलमा सत्ताले आफूअनुकूल ज्ञानको निर्माण गरी आफ्ना निकायहरूमार्फत तिनलाई स्थापित गराउँछ । कालान्तरमा त्यही ज्ञान सत्य बनेर स्थापित हुन्छ । शक्ति वा सत्तासीनहरूले आफूअनुकूल सत्यको निर्माण गर्ने हुँदा शक्तिहीनका आवाज

ओझेल पर्दछन् र स्थापित सङ्कथन सत्य नहुने अवस्था उत्पन्न हुन्छ भन्ने कुरा पनि उपन्यासमा विभिन्न सन्दर्भमार्फत प्रस्तुत गरिएको छ । यस उपन्यासमा नारीवादी सङ्कथनको बहस पनि प्रस्तुत गरिएको छ । नारीवादमा विश्वास राख्ने प्रमुख नारी पात्र र नारीवादलाई केन्द्रीयता नदिए पनि नारीमैत्री भाव राख्ने प्रमुख पुरुष पात्रको सहभागिता गराएर यस उपन्यासमा नारीवादका विभिन्न धारले राखेका मान्यताबारे विवाद उत्पन्न गराइएको छ । यस उपन्यासका केही सहभागीहरूले आमूल नारीवाद र उग्र नारीवादी सङ्कथनको पक्षमा वकालत गरेका छन् । तिनको सहभागिताका माध्यमबाट आमूल र उग्र नारीवाद प्रकृति र समाजअनुकूल भएनभएको कुरामा बहस उठाई उदार नारीवादी सङ्कथन स्थापना गर्न खोजिएको छ । यसअन्तर्गत महिलाले मातृत्व र स्तनपानका कार्यलाई बोझ ठान्न नहुने तर आर्थिक, सामाजिक र शरीरमाथिको अधिकार स्थापना गर्नका लागि अग्रगामी बन्नुपर्ने धारणा पनि प्रस्तुत गरिएको छ साथै वर्तमान युगमा नर-नारीको द्विचर भञ्जन हुँदै गएको, नारीहरू आफ्ना हक अधिकारप्रति सचेत बन्दै गएका अवस्थालाई पनि देखाइएको छ ।

रानीवन उपन्यासमा फुकोको सङ्कथनसम्बन्धी मान्यता र नारीवादी सङ्कथनको प्रस्तुतिबाट कृतिलाई सिद्धान्तकेन्द्री, अपरम्परित, बौद्धिक र सूचनामूलक बनाइएको छ । यसले कथानकलाई झिनो बनाएर उपन्यासको संरचनालाई नवीनता प्रदान गरेको छ । वर्तमान समयमा दैनन्दिनका क्रियाकलाप, मान्छेका व्यवहार एवम् सोचाइको अवलोकन गऱ्यौँ भने शक्ति र सत्यसम्बन्धी फुकोका मान्यताको र नारीवादी मान्यताको प्रयोग भइरहेको पाउँछौँ भन्ने देखाउनु पनि यिनको औचित्य हो । सिद्धान्तबमोजिम सोद्देश्य घटना र वस्तुको उठान गरिएकाले उपन्यास सामान्य पाठकका लागि केही जटिल बनेको भए पनि सिद्धान्तको आख्यानीकरणले गर्दा अन्यको तुलनामा यो उपन्यास विशिष्ट बन्न पुगेको छ ।

## सन्दर्भ सामग्रीसूची

उप्रेती, सञ्जीव (२०६८). सिद्धान्तका कुरा. अक्षर क्रियसन्स ।

एटम, नेत्र (२०७४). सङ्क्षिप्त साहित्यिक शब्दकोश. नेपाल प्रज्ञा प्रतिष्ठान. पृ.५६ ।

गौतम, कृष्ण (२०६८). उत्तरआधुनिक संवाद. भृकुटी एकेडेमिक पब्लिकेसन ।

गौतम, कृष्ण (२०७१). उत्तरसिद्धान्त. भृकुटी एकेडेमिक पब्लिकेसन ।

गौतम, कृष्ण (२०७४). रानीवन. भृकुटी एकेडेमिक पब्लिकेसन ।

गौतम, देवीप्रसाद (२०६८). सङ्कथन विश्लेषण. रत्न बृहत् नेपाली समालोचना सैद्धान्तिक खण्ड, राजेन्द्र सुवेदी र लक्ष्मणप्रसाद गौतम (सम्पा.). रत्न पुस्तक भण्डार. पृ.५७०–५९१ ।

घिमिरे, वासुदेव (२०६९). सङ्कथन विश्लेषण परिचय र पद्धति. इन्टेलेक्चुअल्ज बुक प्यालेस ।

Gee, J. p. (1999). An introduction to discourse analysis : Theory & Method, Routledge.

Hawarth, D. (2002). Discourse (First south Asian edition), Viva books Pvt. Ltd.